# निर्वाचन आयोग
फोन/फ्याक्स नं. :-०८८-५३०१५८
# जिल्ला निर्वाचन कार्यालय
## रुकुम(पश्चिम)


प.स. २०७८/०७९
च.नं.

मितिः २०७८/११/१९

मतदाता नामावली अद्यावधिक (दाबी विरोध) समेत कार्यक्रम, २०७८ सञ्चालन हुने सम्बन्धि जिल्ला निर्वाचन कार्यालय ,रुकुम(पश्चिम)को सूचना ।

वि.सं. २०७९ बैशाख ३० गते हुने स्थानिय तहको निर्वाचनका लागि अन्तिम मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि तपशिल बमोजिमको मतदाता नामावली अद्यावधिक (दाबी विरोध) समेत कार्यक्रम, २०७८ सञ्चालन हुने भएकाले सम्बन्धित सबै मतदाता तथा सरोकारवालाहरुको लागि यो सुचना जारी गरिन्छ ।

तपशिलः

| क्रियाकलाप | समय | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति निकाय |
|---|---|---|---|
| १.कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७८ फाल्गुन १९ गते | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २.प्रकाशित मतदाता नामावलीमा रहेका त्रुटी सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | फाल्गुन २० गतेदेखि फाल्गुन २२ सम्म | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता वा निजको परिवारको सदस्य |
| ३.प्रकाशित मतदाता नामावलीमा कसैले झुठ्ठा विवरण दिई नामावलीमा समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | फाल्गुन २० गतेदेखि फाल्गुन २२ सम्म | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४.प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एक भन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानिय तह वा फरक फरक स्थानिय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत निर्वाचन आयोगमा निवेदन दिने ।) | फाल्गुन २० गतेदेखि फाल्गुन २२ सम्म | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |

| | | | |
|---|---|---|---|
| ५.प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नामावलीबाट नाम हटाउनका लागि सुचना दिने | फाल्गुन २० गतेदेखि २३ गतेसम्म | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६.बसाई सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानिय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | फाल्गुन २० गतेदेखि २३ गतेसम्म | स्थानिय पञ्जिकाधिकारीको कार्यालय र जिल्ला प्रशासन कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७. उजुरी परेका मतदाता नामावली उपर प्रमुख नाम दर्ता अधिकारीको कार्यालयले आवश्यक कारबाही गरी सोको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने, अद्यावधिक गरेका डाटा आयोगमा पठाउने | फाल्गुन २० गतेदेखि २६ गतेसम्म | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |

प्रमुख नाम दर्ता अधिकारी भन्नाले जिल्ला निर्वाचन अधिकारी र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय भन्नाले जिल्ला निर्वाचन कार्यालय बुझ्नु पर्दछ ।

पुनश्च: उपरोक्त कार्यका लागि निवेदन ईमेल मार्फत पनि दिन सकिनेछ ।जसको लागि जिल्ला निर्वाचन कार्यालयको ईमेल rukumdeo@yahoo.com मा ईमेल गर्न सकिने छ । निवेदन दिँदा निर्वाचन आयोगबाट निर्धारित ढाँचाको अनुसुची बमोजिम दिनुपर्ने छ । अनुसूचीहरुको सफ्ट कपि सम्बन्धित वडा कार्यालय र गाउँपालिका बाट प्राप्त गर्न सकिनेछ ।साथै जिल्ला निर्वाचन कार्यालयको फेसबुक आईडी **निर्वाचन कार्यालय रुकुम पश्चिम** बाट पनि प्राप्त गर्न सकिनेछ ।यसरी निवेदन दिँदा निवेदकले प्रमाण पेश गर्नुपर्नेछ ।

थप जानकारीको लागि: ०८८-५३०१५७, ९८५७८३०१५७, ९८५७८२९१५७ मा सम्पर्क गर्नुहोला ।